आज मिति २०८३।०५।१६ गते मंगलवारका दिन यस नगरपालिकाका नगरप्रमुख श्री कारीराम यादवज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपशिलको उपस्थितिमा बसियो ।

उपस्थिति :

| सि.नं. | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कारीराम यादव | | |
| २ | नगर उप प्रमुख | श्री रहिमा खातुन | | |
| ३ | सदस्य | श्री मिथिला साह | | |
| ४ | सदस्य | श्री मुकेश कुमार पुर्वे सुडी | | |
| ५ | सदस्य | श्री ताँहिर मिया | | |
| ६ | सदस्य | श्री सत्यनारायण यादव | | |
| ७ | सदस्य | श्री गंगाराम यादव | | |
| ८ | सदस्य | श्री श्रीपुजन यादव | | |
| ९ | सदस्य | श्री रामदेव सहनी | | |
| १० | सदस्य | श्री सेराजुल राईन | | |
| ११ | सदस्य | श्री मनिष कुमार राय | | |
| १२ | सदस्य | श्री राज कुमार साह | | |
| १३ | सदस्य | श्री सरोज कुमार यादव | | |
| १४ | सदस्य | श्री राम नारायण अधिकारी | | |
| १५ | सदस्य | श्री देवनारायण महतो | | |
| १६ | सदस्य | श्री बैद्यनाथ महतो सुडी | | |
| १७ | सदस्य | श्री लखिचन्द्र दास | | |
| १८ | सदस्य | श्री अनिता देवी यादव | | |
| १९ | सदस्य | श्री निर्मला परियार | | |
| २० | सदस्य | श्री सिता देवी यादव | | |
| २१ | सदस्य | श्री रिंकी कुमारी महरा | | |
| २२ | सदस्य | श्री ललिता देवी कापर | | |
| २३ | सदस्य | श्री सकिला खातुन | | |
| २४ | सदस्य सचिव | श्री खिम बहादुर भुजेल | | |

आमन्त्रितः

मिति २०८३ भदौ १६ गते मंगलबारका दिन बसेको नगर कार्यपालिका बैठकको निर्णय

बैठक स्थान: नगरपालिकाको कृषि भवनको सभाहल

| निर्णय नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| १ | बाढी पीडितका लागि सहयोग सम्बन्धमा। | रसुवाको भोटेकोशीमा मिति २०८३ भदौ १० गते गएको बाढी पहिरोमा परेका पीडितहरुको सहयोगार्थ नगरपालिकाको तर्फबाट जम्मा रु.११ लाख प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा जम्मा गर्न नगरप्रमुख रु. १२,०००।-, उपप्रमुख रु. १२,०००।-, वडा अध्यक्ष रु. ७,५००।-, का. पा. सदस्य रु. ५,०००।-, वडा सदस्य रु. २,०००।– का दरले र कर्मचारीको हकमा संघीय सरकारले तोके अनुसार छैटौं तह देखि उपसचिव सम्मको कर्मचारीले ७ दिनको, चौथौ र पाचौं तहको कर्मचारीको ५ दिनको र श्रेणी विहीन तथा अन्य कर्मचारीको २ दिनको तलब बराबरको रकम र नपुग रकम नगरपालिकाको विपद कोषबाट भुक्तानी गर्ने निर्णय गरियो । साथै यस नगरपालिका क्षेत्र भित्रका कुनै नागरिक उक्त बाढीमा परी ज्यान गुमाएका घर परिवारलाई रु.१००,०००।-, घाईते भएका व्यक्तिलाई सघन उपचारवापत रु. ५०,०००।- र साधारण उपचारका लागि रु. २५,०००।- नगरपालिकाबाट सहयोग गर्ने निर्णय गरियो । |
| २ | शोक प्रस्ताव सम्बन्धमा । | वडा नं १३ का वडा सदस्य देवन राउत कुर्मीको मिति २०८३।०५।१२ गते बिहान ३ बजे असमायिक निधन भएकाले निजको आत्माको चिरशान्तीको कामना गर्दै २४ गते हुने १३औं पुण्य तिथिका दिन निजकै घरमा हुने शोकसभा तथा श्रद्धान्जली कार्यक्रममा सम्पूर्ण कर्मचारी र जनप्रतिनिधिहरु उपस्थित भई श्रद्धान्जली सभा गर्ने र निजको किरिया खर्च वापत रु. ५१,०००।-नगरपालिकाबाट उपलब्ध गराउने निर्णय गरियो । |
| ३ | निर्णय अनुमोदन सम्बन्धमा । | प्रदेश लोकसेवा आयोगको मिति २०८३।०४।०५ गतेको सिफारिसपत्र अनुसार मधेश प्रदेश स्थानिय सेवा गठन तथा सञ्चालन ऐन २०८१ को दफा १५ को उपदफा १ बमोजिम अधिकृत नवौं शिक्षा प्रशासन समूहका मान बहादुर बोहरा र इन्जिनियरिङ्ग समूह अभयकान्त झा लाई नियुक्ति दिई हाजिर गराउने मिति २०८३।०४।०६ गतेको प्रमुख प्रशासकीय अधिकृत स्तरीय निर्णय अनुमोदन गरियो । |
| ४ | नगर शिक्षकको म्याद थप गर्ने सम्बन्धमा। | यस सबैला नगरपालिकाको नगर शिक्षक व्यवस्थापन कार्यविधि २०८१ अनुसार छनोट भई नगर कार्यपालिकाको कार्यालयबाट नियुक्ति पाएर विभिन्न विद्यालयमा पदस्थापन भई हालसम्म कार्यरत नगर शिक्षकहरुको म्याद मिति २०८३ पौष मसान्तसम्म थप गर्ने निर्णय पारित गरियो। |
| ५ | तलबभत्ताको थप रकम निरन्तरता गर्ने सम्बन्धमा। | यस सबैला नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत लेखा सहायक, बालविकास सहजकर्ता र विद्यालय सहयोगीलाई संघीय ससर्त अनुसारको तलबभत्ताको मासिक रकममा यस नगर |

मिति २०८३ भदौ १६ गते मंगलबारका दिन बसेको नगर कार्यपालिका वैठकको निर्णय

वैठक स्थानः नगरपालिकाको कृषि भवनको सभाहल

| | | |
|---|---|---|
| | | कार्यपालिकाको कार्यालयबाट विगत आ.व मा थप उपलब्ध गराइएको (लेखा सहायक, वालविकास सहजकर्ता र विद्यालय सहयोगीको क्रमशः ५०००।-, ८०००।-, ७०००।-) मासिक तलवभत्ताको रकमलाई चालु आ.व २०८३।०८४ मा समेत निरन्तरता दिने निर्णय पारित गरियो। |
| ६ | सामुदायिक विद्यालयको कक्षा थप गरी सञ्चालन गर्न अनुमति प्रदान गर्ने सम्बन्धमा । | शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९ का अतिरिक्त संघ, प्रदेश र यस स्थानीय तहबाट जारी गरिएका हुने/ ऐन, नियम, निर्देशिका र मापदण्डले तोकेका शर्त बन्देजको पालना गर्ने गरी विद्यालयको आफ्नै स्रोतबाट यस सबैला नगरपालिका अन्तर्गत सञ्चालित देहायका दुई सामुदायिक विद्यालयलाई शैक्षिक सत्र २०८३ देखि आधारभूत तहको कक्षा ८) आठ( थप गरी सञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय पारित गरियो।<br>देहायः<br>क) श्री राष्ट्रिय आधारभूत विद्यालय मखनाहा सबैला नगरपालिका ५ धनुषा<br>ख) श्री शेखर जनचेतना आ वि भठिहन सबैला ९, धनुषा |
| ७ | विद्यालय समायोजन सम्बन्धमा। | क) श्री बालकृष्ण आ वि गोबिन्दपुर सबैला ६ धनुषामा चालु शैक्षिक सत्र २०८३ मा अध्ययनरत विद्यार्थी संख्या न्यून भएकाले उक्त विद्यालयलाई श्री शहिद शम्भु रा प्रा वि सबैला ३ धनुषामा समायोजन गर्ने निर्णय गरियो।<br>ख) चालु शैक्षिक सत्रमा उक्त विद्यालयमा वालविकास कक्षा र सोमा अध्यापनरत शिक्षकलाई सोही विद्यालयमा निरन्तरता दिने।<br>ग) बालविकासका विद्यार्थीको IEMIS मा प्रविष्टिको कार्य र वालविकास कक्षामा कार्यरत शिक्षकको तलवभत्ता श्री शहिद शम्भु रा प्रा वि सबैलामार्फत व्यवस्थापन गर्ने।<br>घ) समायोजित विद्यालयमा कार्यरत शिक्षकलाई देहाय अनुसार व्यवस्थापन गर्नेः<br>• भगवान बाबु यादव प्रा शि, द्वितीयलाई दरवन्दी सहित श्री सहिद शम्भु रा प्रा वि मा स्थानान्तरण गर्ने।<br>• रुपेश यादव प्रा शि राहतलाई राहत अनुदान कोटा सहित श्री सरस्वती मा वि ठिल्ला सबैलामा स्थानान्तरण गर्ने। |

मिति २०८३ भदौ १६ गते मंगलबारका दिन बसेको नगर कार्यपालिका बैठकको निर्णय

बैठक स्थान: नगरपालिकाको कृषि भवनको सभाहल

| | | |
|---|---|---|
| | | • प्रतिमा कुमारी राय, नगर शिक्षक आधारभूत तह (कक्षा १-५) लाई राष्ट्रिय आ वि मखनाहा सबैला ५ धनुषामा स्थानान्तरण गर्ने।<br>• ब्रम्हदेव यादव, विद्यालय सहयोगीलाई श्री आधारभूत विद्यालय मटही सबैला ७ धनुषामा स्थानान्तरण गर्ने।<br><br>२. यस सबैला न पा वडा नं १० अन्तर्गत सञ्चालित विद्यालय श्री सरस्वती रा प्रा वि अमरखानामा चालु शैक्षिक सत्रमा अध्ययनरत विद्यार्थी सङ्ख्या न्यून भएकाले देहाय अनुसार समायोजन गर्ने निर्णय पारित गरियो।<br>क) श्री सरस्वती रा प्रा वि अमरखाना सबैला १० धनुषालाई श्री रा प्रा वि खरिहानी सबैला १० धनुषामा समायोजन गर्ने।<br>ख) चालु शैक्षिक सत्रमा उक्त विद्यालयमा बालविकास कक्षा र सोमा अध्यापनरत बालविकास शिक्षक र विद्यालय सहयोगीलाई सोही विद्यालयमा निरन्तरता दिने।<br>ग) बालविकासका विद्यार्थीको IEMIS मा प्रविष्टिको कार्य र बालविकास कक्षामा कार्यरत शिक्षक र विद्यालय सहयोगीको तलबभत्ता मातृ विद्यालय श्री रा प्रा वि खरिहानी सबैला १० मार्फत व्यवस्थापन गर्ने।<br>घ) समायोजित विद्यालयमा कार्यरत प्राथमिक तह राहत अनुदानका शिक्षक सञ्जीव यादवलाई राहत अनुदान कोटा सहित श्री जनता मा वि सिमराढी गढी सबैला १० मा स्थानान्तरण गर्ने। |
| ८ | दररेट विश्लेषणको कार्यान्वयन सम्बन्धमा | आ व २०८३।०८४ को लागि भौतिक पूर्वाधार विकास अन्तर्गत निर्माण कार्यको लागि धनुषा जिल्ला, DUDBC र DoR को दररेटलाई आधार मानि तयार गरिएको दररेट विश्लेषण कार्यान्वयन गर्ने निर्णय गरियो। |
| ९ | राष्ट्रिय परिचयपत्र स्टेशन माग गर्ने सम्बन्धमा । | यस सबैला नगरपालिकाका सा.सु. भत्ता प्राप्त गर्ने लाभग्राही र अन्य सबै नागरिकको राष्ट्रिय परिचयपत्र बनाउने उद्देश्यका साथ यस नगरपालिकामा स्टेशन सञ्चालन रहेकोमा २०८२ सालको जेन्जी आन्दोलनका कारण विभागको निर्देशनमा उक्त स्टेशन हटाइएकोले यसपालिका क्षेत्रभित्रका वा अन्य पालिकाका राष्ट्रिय परिचयपत्र बनाउन नपाएका व्यक्तिहरुका लागी पुनः स्टेशन उपलब्ध गराई दिनका लागि पंजिकरण विभागलाई अनुरोध गर्ने निर्णय गरियो । |

का कौशल्या सिता अनिता